**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ३० अप्रेल २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

१. पश्चिम बंगालमा दुई चरणमा भएको विधानसभा चुनावमा एतिहासिक ९२.४७ प्रतिशत मतदान भएको छ।

२. जीटीए क्षेत्रमा लागू गरिएको भारत दाल योजनामा अनियमितताको आशंका व्यक्त गर्दै दार्जिलिङका सांसद राजु बिस्टले क्रन्द्रीय मंत्री प्रलाद जोसीलाई पत्र लेख्दै तत्काल छानबिनको माग गर्नुभएको छ।

३. आईसीएससीले कक्षा १० र बाह्रको बोर्ड परीक्षाको नतिजा सार्वजनिक गरेको छ।

४. आकाशवाणी खरसाङले सिलगढी ग्रेटर आइ हस्पिटलको सहयोगमा आज मेगा आँखा जाँच शिविरको आयोजना गरेको छ।

५. मौसम विभागले उत्तर बङ्गालका विभिन्न जिल्लाहरूमा आगामी केही दिन वर्षा जारी रहने सम्भावना व्यक्त गरेको छ।

**ऐतिहासिक मतदान**

पश्चिम बंगालमा दुई चरणमा भएको विधानसभा चुनावमा एतिहासिक ९२.४७ प्रतिशत मतदान भएको छ। यो स्वतन्त्रतापछिको सबैभन्दा अधिक मतदान हो। राज्यमा ६ करोड ८१ लाख मतदाता छन्। मतदातामा महिलाको संख्या पुरुषको भन्दा बढी थियो। महिला मतदाताको ९२.२८ प्रतिशत र पुरुष मतदाताको ९१.०७ प्रतिशत मतदान भएको छ। त्रिपुरामा २०१३ को विधानसभा चुनावमा ९३.६१ प्रतिशतका साथ अहिलेसम्मकै सबैभन्दा बढी मतदान भएको थियो। पश्चिम बंगाल, केरला, तमिलनाडु, असम र पुडुचेरीमा विधानसभा चुनावको मतगणना ४ मेमा हुँदैछ। कर्नाटक, नागाल्याण्ड, त्रिपुरा, महाराष्ट्र र गुजरातका केही विधानसभा सीटका लागि पनि मतगणना हुँदैछ।

**निर्वाचन आयोग - पश्चिम बंगाल**

निर्वाचन आयोगले पश्चिम बङ्गालमा स्वतन्त्रतापछि अहिलेसम्मकै सबैभन्दा बढी मतदाताहरूको सहभागिता भएको बताएको छ। दोस्रो चरणमा हिजो साँझ ७ः४५ बजेसम्म ९१.६ प्रतिशत मतदान भएको थियो। निर्वाचन आयोगका अनुसार विधानसभा चुनावको पहिलो चरणमा ९३.१९ प्रतिशत मतदान भएको थियो। दुवै चरणमा कुल ९२.४७ प्रतिशत मतदान भएको छ। यसअघि सन् २०११ को विधानसभा चुनावमा पश्चिम बंगालमा सबैभन्दा बढी ८४.७२ प्रतिशत मतदान भएको थियो। मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमार, निर्वाचन आयुक्तहरू डा. एस. एस. सन्धू र डा. विवेक जोशीले पश्चिम बङ्गालका सबै मतदान केन्द्रहरूमा प्रत्यक्ष वेबकास्टिंगको माध्यमबाट मतदानलाई नजिकबाट नियालेका थिए। आयोगको पछिल्लो निर्देशन अनुसार, पीठासीन अधिकारीहरूले मतदान समाप्त भएपछि मतदान केन्द्रबाट बाहिर निस्कनुअघि ECINET मा मतदान प्रतिशत अपडेट गरेका थिए।

**पुनर्मतदान**

पश्चिम बंगालमा विधानसभा चुनावको दोस्रो चरणको मतदान सकिएपछि धेरै बुथहरूमा पुनः मतदानको माग उठेको छ। चार विधानसभा क्षेत्रका ७७ बुथमा पुनः मतदानका लागि निर्वाचन आयोगमा निवेदन परेको छ। तर, अन्तिम निर्णय भने छानबिन गरेर लिइने छ।

***यो छानबिनको जिम्मेवारी विशेष पर्यवेक्षक सुब्रत गुप्तालाई मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारको निर्देशन दिइएको छ। सबै चार विधानसभा क्षेत्रहरू जहाँबाट पुनः मतदानको माग उठेको छ, दक्षिण २४ परगना जिल्लामा पर्नेका छन्। यी मध्ये तीन निर्वाचन क्षेत्र डायमन्ड हार्बर लोकसभा सीट अन्तर्गत पर्दछ, जसको प्रतिनिधित्व तृणमूल कांग्रेसका नेता अभिषेक बनर्जी गर्छन्। विशेष स्रोतका अनुसार निर्वाचन आयोगले सम्बन्धित उम्मेदवारको निवेदनका आधारमा छानबिन प्रक्रिया सुरु गरेको छ। सुब्रत गुप्तालाई फाल्टा, मगरहाट र सोनारपुर क्षेत्रमा छानबिनको क्रममा उपस्थित हुन भनिएको छ। मुख्य निर्वाचन अधिकारीको कार्यालयका अनुसार ७७ वटा बुथमा पुनः मतदानको माग गरिएको छ त्यसमा फलता विधानसभाका ३२ बुथ, डायमन्ड हार्बरका २९ बुथ, बजबजका ३ बुथ र मगरात पूर्वी विधानसभाका १३ बुथ सामेल छन। फल्टा, डायमन्ड हार्बर र बज क्षेत्र डायमन्ड हार्बर लोकसभा सीट अन्तर्गत पर्दछन्, जबकि मगहाट पूर्व जयनगर लोकसभा निर्वाचन क्षेत्र अन्तर्गत पर्दछ।***

**मोथाबाड़ी**

मालदा जिल्लाको मोथाबारीमा कलकत्ता उच्च न्यायालयले नियुक्त गरेका न्यायाधीशहरूलाई घेराव गरेको र दुर्व्यवहार गरेको मुद्दामा ५२ अभियुक्तहरूको जमानत याचिका अदालतले खारेज गरेको छ। सबै अभियुक्तलाई १३ मेसम्म न्यायिक हिरासतमा राखिएको छ।

***याद रहोस एसआईआर अन्तर्गत विचाराधीन मतदाताहरूको कागजातको जाँच गर्ने जिम्मेवारी उच्च अदालतले नियुक्त गरेका न्यायाधीशहरूको थियो। ती न्यायाधीशहरूमध्येका सात जनालाई सूचीबाट नाम हटेका केही व्यक्तिहरू कालियाचक-२ ब्लक अफिसमा प्रवेश गरी र अबेर रातसम्म बन्धक बनाएका थिए। यो मामला यति गम्भीर भयो कि यो भारतको सर्वोच्च अदालतमा पुग्यो। अदालतको निर्देशन र निर्वाचन आयोगको हस्तक्षेपपछि अनुसन्धान राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआईए) लाई सुम्पिएको थियो। तर, एनआईएको अनुसन्धान सुरु हुनुअघि नै मुख्य आरोपीलाई राज्य पुलिसको सीआईडीले पक्राउ गरेको थियो। पछि भिडियो फुटेजका आधारमा ५२ जनाको पहिचान गरी पक्राउ गरिएको थियो।***

**कालेबुङ**

आगामी 4 मईमा हुने पश्चिम बंगाल विधानसभा चुनाव 2026 को मतगणनालाई केन्द्र गरी कालेबुङ जिल्लापाल कार्यालयले ट्राफिक नियमबारे निर्देशिका जारी गरेको छ। उक्त दिन कालेबुङको डम्बर चोकदेखि केडी प्रधान रोड (हस्पिटल रोड) भएर एसयूएमआई स्कुल सम्म कुनै पनि प्रकारको वाहनहरू आवत-जावत गर्न पुर्ण रुपमा प्रतिबन्ध लगाइएको छ। यसैगरी कालेबुङको मेनरोड, डम्बर चोक अनि केडी प्रधान रोडमा बिहान 6 बजेदेखि बेलुकी 6 बजेसम्म चुनावमा प्रयोग गरिने वाहनबाहेक अन्य वाहनहरू लाई पार्किङ गर्न निषेध गरिएको निर्देशिकामा उल्लेख गरिएको छ।

**I-PAC**

दोस्रो चरणको मतदानपछि I-PAC प्रमुखले राहात पाएका छन्। पटियाला हाउस कोर्टले I-PAC संस्थाका निर्देशक तथा सहसंस्थापक विनेश चन्देललाई बेल दिएको छ। प्रवर्तन निर्देशनालय (ईडी) ले सुनुवाइको क्रममा उनको जमानतको विरोध गरेन।

**'भारत दाल योजना'**

गोरखाल्याण्ड टेरिटोरियल एडमिनिस्ट्रेशन (Gorkhaland Territorial Administration - GTA) क्षेत्रमा लागू गरिएको Bharat Dal Scheme हाल पहाडमा चर्चाको बिषय बनेको छ भने यसको निकै चर्चा चौतर्फी रहेको छ। यसैबीच यस योजनामा अनियमितता (घोटाला) भएको आशंका व्यक्त गर्दै दार्जिलिङका सांसद Raju Bista ले भारत सरकारका उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्री Pralhad Joshi लाई औपचारिक पत्र लेख्दै तत्काल छानबिनको माग गर्नुभएको छ। यस विषयमा सांसद बिष्टले पाँचवटा मुख्य प्रश्न उठाउँदै पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न आग्रह गर्नुभयो। अर्कोतिर जीटीएका प्रमुख कार्यपाल अनित थापाको निर्देशनमा चाना दाल प्रकरणमा स्पष्टिकरण माग्दै NCCF र NAFED का Managing Director हरूलाई आधिकारिक पत्राचार गरेको छ। जसमा यो मुद्दा सम्बन्धि विभिन्न बुदाहरु समावेश गरिएको बताइएको छ।

**आईसीएससी**

आईसीएससीद्वारा यस बर्षको कक्षा १० र बाह्रको बोर्ड परीक्षाको नतिजा आज सार्वजनिक गरेको छ। आईसीएसई (कक्षा १०) र आईएससी (कक्षा बाह्र) को परीक्षाको नतिजा निर्धारित समयानुसार बिहान ११ बजे एकैसाथ निकालिएको थियो। यस वर्ष दुवै परीक्षामा उत्तीर्ण प्रतिशत ९९ प्रतिशतभन्दा बढी रहेको छ। बालकहरुको तुलनामा बालिकाहरुको नतिजा राम्रो देखिएको छ। यस वर्षको कक्षा १० को परीक्षामा दुई लाख ५८ हजार ७२१ विद्यार्थी सहभागी भएका थिए। यीमध्ये २ लाख ५६ हजार ५ सय ९० विद्यार्थी उत्तीर्ण भएका छन्। जसमा कुल पास प्रतिशत 99.18 रहेको छ। सफल विद्यार्थीहरूमा १ लाख ३६ हजार ३२ छात्र र १ लाख २० हजार ५ सय ५८ छात्रा रहेका छन्। यस वर्ष कक्षा १० को परीक्षा दुई हजार ९५७ विद्यालयमा सञ्चालन भएको थियो। यस्तै कक्षा बाह्रको आईएससी परीक्षामा कुल एक लाख दुई हजार ४१४ विद्यार्थी उत्तीर्ण भएका छन्। जसमा ५३ हजार ४७२ छात्र र ४८ हजार ९४२ छात्रा रहेका छन्। यो परीक्षाको उत्तीर्ण प्रतिशत ९९.१३ रहेको छ। कक्षा १२ को परीक्षा एक हजार ५५३ विद्यालयमा सञ्चालन भएको थियो। नतिजाको तथ्यांक अनुसार दुवै परीक्षामा छात्राको प्रदर्शन छात्रको तुलनामा राम्रो देखिएको छ। आईसीएसईको परीक्षामा छात्राको उत्तीर्ण प्रतिशत ९९.४६ प्रतिशत थियो भने बालकको ९८.९३ प्रतिशत थियो। त्यस्तै, आईएससी परीक्षामा छात्राहरूको उत्तीर्ण प्रतिशत ९९.४८ थियो, जुन छात्रहरूको भन्दा अधिक हो।

**मेगा आँखा जाँच शिविर**

आकाशवाणी खरसाङले सिलगढी ग्रेटर आइ हस्पिटलको सहयोगमा आज मेगा आँखा जाँच शिविरको आयोजना गरेको छ। आकाशवाणी खरसाङको कन्फरेन्स हलमा आयोजित यस शिविरमा आकाशवाणी खरसाङका स्थायी अनि अस्थायी कर्मचारीहरूलगायत 65 जनाले निशुल्क रुपमा आफ्नो आँखा जाँच गराएर शिविरको लाभ उठाए भने केहीलाई निशुल्क चस्मा

पनि वितरण गरियो। आँखामा कतिवटा बिरामीहरू भएपनि मानिसहरूले अनदेखा गरिरहेको कारण यसबारे जागरूकता जगाउन यो शिविरको आयोजना गरिएको आकाशवाणी खरसाङका कार्यक्रम निस्पादक राजीव सुब्बाले जानकारी गराउनु भएको छ।

**घर जलेर स्वाहा**

रंगली रंगलीयट खण्ड अधिनस्थ लामाहट्टा ग्राम पञ्चायतको वार्ड नम्बर एक निवासी रिता मुखियाको घर हिजो साँझ लगभग ७ बजेतिर आगलागीमा परेर स्वाहा भएको छ् । आगलागीको कारण घरमा जलाएको मोम बत्ती रहेको बताइएको छ भने घटनामा आफुले लगाएको लुगा बाहेक केहि निकाल्न नसकिएको पीडित पक्षको भनाइ रहेको छ। यसैबीच आगलागी घट्नाको जानकारी पाएर आर आर खण्ड कार्यलय, खण्ड पञ्चायत समितिका सहकारी सभापति, सभासद प्रणाम रसाईली, क्षेत्रीय सभासद सन्नी बम्जन, लामाहट्टा ग्राम पञ्चायत प्रधान मञ्जु वाईबा, खरसाङ विधानसभा प्रार्थी बन्दना राई, ग्रामवासी, विद्युत विभागीय अधिकारी, भागोप्रमो समष्टि महासचिव सुशोभित गुरुङ आदिले आगलागी स्थलको भ्रमण गर्दै आ आफ्नो पक्षबाट सहयोग गर्ने आश्वासन दिएका छन।

**मिरिक**

मिरिकको कृष्णनगरस्थित हिल रेस्टुरेन्टमा आज दिउँसो आगलागी भएको छ। प्रारम्भिक जानकारीअनुसार आगलागी ग्यास सिलिन्डरबाट सुरु भएको बताइएको छ। घटनामा रेस्टुरेन्टका एक जना कर्मचारी सामान्य घाइते भएका छन् यद्यपि स्थानीयहरुको सक्रियताले ठूलो घटना हुनबाट बाचेको छ।

**(डीएचआर)**

सम्पदा पर्यटनलाई बढावा दिन दार्जिलिङ हिमालयन रेलवे (डीएचआर) ले २८  र २९ अप्रिलमा दुई दिने परिचयात्मक टुर सफलतापूर्वक सम्पन्न गरेको छ। यस कार्यक्रममा भारतभरका प्रमुख टुर अपरेटरहरू र कार्यकारी निर्देशक / हेरिटेजको आयोजना गरिएको थियो जसमा धेरै रेलवे अधिकारीहरूले डीएचआरको प्रीमियम चार्टर्ड सेवाहरूको अद्वितीय अपील र क्षेत्रको प्राकृतिक समृद्धिलाई अवलोकन गरेका छन।

**मौसम**

मौसम विभागका अनुसार बङ्गालका विभिन्न जिल्लाहरूमा आगामी केही दिन वर्षा जारी रहने सम्भावना रहेको छ, यद्यपि सबै जिल्लामा एकसमान वर्षा हुने छैन। दक्षिण २४ परगना र पश्चिम मेदिनीपुरका छिटपुट स्थानमा तीव्र हावाको साथ भारी वर्षाको सम्भावना छ।  त्यस्तै उत्तर २४ परगना, पूर्व र पश्चिम बर्धमान, वीरभूम, मुर्सिदावाद र नादियामा पनि मेघगर्जनसहित वर्षाको सम्भावना रहेको विभागले जनाएको छ। दक्षिण बंगालका सबै जिल्लामा आगामी मंगलबारसम्म कालबैसाखी चक्रवातका लागि अलर्ट जारी गरिएको छ।

**********